# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-२, अंक-९, आ.व.२०८२/८३ पौष, २०८२

**कोशी प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**विराटनगर, नेपाल**



## सम्पादकीय

कोशी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिन २०८१ बैशाख महिना देखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८२/८३ को पौष मसान्तसम्मको समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को पौष महिनासम्म कोशी प्रदेशको कुल खर्चमा ३१.१ प्रतिशतले घटेको देखिन्छ। बचत संघ अनुदान फिर्ता रकम गत आ.व.को भन्दा कमी भएकोले चालु खर्च गतवर्षको भन्दा कम देखिएको छ। गत वर्षको तुलनामा संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा वृद्धि भएको छ, भने आन्तरिक राजस्व सङ्कलनमा कमी आएको छ।

प्रकाशन तथा सम्पादन
वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

## कोशी प्रदेशको सरकारी खर्च


१. आर्थिक वर्ष २०८२/८३ को पौष महिनासम्म जम्मा रु. ६ अर्ब ४ करोड २४ लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु. १ अर्ब ७० करोड ३७ लाख र चालु खर्च रु. २ अर्ब ६९ करोड ५५ लाख रहेको छ। चालु खर्चमध्ये गत आ.व.को बचत संघ अनुदान फिर्ता तर्फ रु.१ अर्ब ३६ करोड रहेको छ। आ.व.२०८१/८२ मा संघ अनुदान फिर्ता खर्च रु.१ अर्ब ९६ करोड रहेको थियो।

**तालिका (क) पछिल्लो तीनवर्षको पौष महिनासम्मको खर्च स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक/आ.व. | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| चालु खर्च | ३८८१३ | ४४८४५ | २६९५५ |
| पूँजीगत खर्च | २७३२२ | २५५८५ | १७०३७ |
| स्थानीय तह अनुदान | १०५४५ | १७२५२ | १६४३२ |
| कुल खर्च | ७६६८० | ८७६८२ | ६०४२४ |
| विनियोजनको तुलनामा कुल खर्च % | २०.८% | २४.९% | १६.८१% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

**चार्ट (क) तीन आर्थिक वर्षको पहिलो अर्धवार्षिक अवधिको खर्चको अवस्था (रु.लाखमा)**




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. चालु आ.व.२०८२/८३ को पौष महिनासम्म कायम विनियोजनको १६.८१% प्रतिशत खर्च भएको छ। जसमा चालु खर्च १९.२६%, पूँजीगत खर्च ९.९४% र स्थानीय तह अनुदान ३४.७९% प्रतिशत निकासा तथा खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८२/८३ पौषसम्मको मासिक खर्चको विवरण** **(रु.लाखमा)**

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह | वित्तीय | मासिक खर्च जम्मा | खर्च मध्ये मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| **श्रावण** | ८१२ | १६ | ० | ० | **८२८** | **१.४%** |
| **भदौ** | ५४५४ | १३४१ | ११९५ | ० | **७९९०** | **१३.२%** |
| **असोज** | ६७०६ | ५५१८ | ७२१३ | ० | **१९४३७** | **३२.२%** |
| **कार्त्तिक** | २९३९ | १४४६ | ३१८ | ० | **४७०३** | **७.८%** |
| **मंसिर** | ४७७७ | ३३६५ | ३७२९ | ० | **११८७१** | **१९.६%** |
| **पौष** | ६२६७ | ५३५१ | ३९७७ | ० | **१५५९५** | **२५.८%** |
| **जम्मा खर्च** | **२६९५५** | **१७०३७** | **१६४३२** | ० | **६०४२४** | **१००.०%** |
| **कायम विनियोजन** | **१३९९४४** | **१७१३३०** | **४७२२६** | **१०००** | **३५९४९९** | |
| **पौषसम्मको खर्च प्रगति** | **१९.२६%** | **९.९४%** | **३४.७९%** | **०.००%** | **१६.८१%** | |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

३. आ.व.२०८२/८३ पौषमसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु. ६ अर्ब ८३ करोड ३६ लाख **(वार्षिक लक्ष्यको ३७.५%)** राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.६ अर्ब १५ करोड ३६ लाख **(वार्षिक लक्ष्यको ४२.४%)** निकासा प्राप्त भएको छ। आ.व.२०८२/८३ को पौष मसान्तसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.१२ अर्ब ९८ करोड ७२ लाख **(वार्षिक लक्ष्यको ३९.७%)** प्राप्ति भएको छ।

४. गत आ.व.२०८१/८२ पौषसम्मको तुलनामा चालु आ.व.को पौषसम्म प्रदेशको कुल प्राप्तीमा २२ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको पौषसम्म वित्तीय समानीकरण अनुदानको दोस्रो किस्ता प्राप्त नभएको तर चालु आ.व.को पौषसम्म दोस्रो किस्तासमेत निकासा प्राप्त भएकोले वित्तीय समानीकरण अनुदानमा शत प्रतिशतले वृद्धि देखिएको छ। समपूरक र विशेष अनुदानको प्राप्तीमा न्यून देखिएता पनि सशर्त अनुदान प्राप्तीमा गत वर्षको सोही अवधिको तुलनामा १०.९% ले वृद्धि भएको छ।

**तालिका (ग) पछिल्लो तीन आ.व.को (पौषसम्म) राजस्व तथा अनुदान प्राप्तिको विवरण** **(रु.लाखमा)**

| आय शीर्षक | २०८०/८१ पौष सम्मको प्राप्ति | २०८१/८२ पौष सम्मको प्राप्ति | चालु आ.व.२०८२/८३ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | पौष सम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ३५९९७ | ४७९१० | १२७४६६ | ५२७४२ | ४१.४% | **१०.१%** |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | १५६९२ | १९५७३ | ५५००० | १५५९४ | २८.४% | **-२०.३%** |
| संघ वित्तीय समानीकरण अनुदान | ४३९१९ | २२३५८ | ८९८३४ | ४४९१७ | ५०.०% | **१००.९%** |
| संघ सशर्त अनुदान | ३३२२१ | १२१५९ | ४५७१० | १३४७९ | २९.५% | **१०.९%** |
| संघ समपूरक अनुदान | २४०९ | २१६२ | ३९१७ | १३०१ | ३३.२% | **-३९.८%** |
| संघ विशेष अनुदान | २५०८ | २२८९ | ५५७२ | १८३९ | ३३.०% | **-१९.७%** |
| **जम्मा** | **१३३७४६** | **१०६४५१** | **३२७४९९** | **१२९८७२** | **३९.७%** | **२२.०%** |

नोटः नगद मौज्दात रु. ३ अर्ब १३ करोड समेत चालु आ.व. २०८२/८३ को कुल आय अनुमान रु. ३५ अर्ब ८७ करोड ९९ लाख रहेको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*


## तालिका (घ) आ.व.२०८२/८३ पौषसम्म प्रदेश सञ्चित कोषमा राजस्व संकलनको मासिक विवरण (रु.लाखमा)

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/ निकासा फिर्ता, बेरुजु | * स्थानीय तहबाट प्राप्त | विविध शुल्क/ अन्य राजस्व | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | ० | ० | ० | ५६५ | ७२ | २४ | ३६ | १७३ | ८६९ |
| भदौ | ८८०१ | ११२७ | ९६ | ४५१ | ७६ | ४७ | ४ | २०६ | १०८०८ |
| असोज | ८१४२ | ९३६ | १००५ | ७७ | ४६ | १९ | १५ | ८९ | १०३३० |
| कात्तिक | १८१९२ | ३३८ | ११७९ | २९३ | ४८ | १०५ | १७ | २३१ | २०४०३ |
| मंसिर | ८६२२ | १६७२ | १०२७ | ७१६ | ६१ | ६५ | ५ | २९० | १२४५८ |
| पौष | ८९८४ | १७०२ | ७७३ | ८२७ | ६४ | ४४ | २७८ | ७९६ | १३४६८ |
| जम्मा | ५२७४२ | ५७७४ | ४०८० | २९२९ | ३६७ | ३०४ | ३५६ | १७८४ | ६८३३६ |
| वार्षिक लक्ष्य | १२७४६६ | १८४०० | १५००० | ८००० | ९०० | ३३०० | ५०२६ | ४३७४ | १८२४६६ |
| चालु आ.व. पौषसम्मको | ४१.३८% | ३१.३८% | २७.२०% | ३६.६२% | ४०.७३% | ९.२०% | ७.०७% | ४०.७९% | ३७.४५% |
| गत आ.व. पौषसम्म प्राप्ति | ४७९१० | ६५३६ | ४०२८ | ३१५३ | ४५१ | २६६८ | ९४४ | १७९३ | ६७४८३ |
| वृद्धि प्रतिशत | १०.१% | -११.७% | १.३% | -७.१% | -१८.७% | -८८.६% | -६२.३% | -०.५% | १.३% |

(*स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## चार्ट (ख) तीन आर्थिक वर्षको पहिलो अर्धवार्षिक अवधिको आन्तरिक राजस्व संकलनको अवस्था (रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*